# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।१७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी दोर्णप्रसाद पौडेलसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी दोर्णप्रसाद पौडेलसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु दोर्णप्रसाद पौडेल र दिपक सुनारको मु.नं (०७८-CR-०११८)<br>फैसला मिति २०८०।०६।२३ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको | •**आयोगको मागदावी**<br>साविक लहँ गा.वि.स.मा तत्कालीन समयमा सचिव पदमा कार्यरत दोर्णप्रसाद पौडेलले आ.व. २०६६। ६७, २०६७।६८ र २०६८।०६९ मा सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गर्दा झुठा कागज तयार गरी जम्मा रु.५,९३,२००।- रकम सम्बन्धित व्यक्तिहरुलाई नबुझाई अनियमित तवरले खर्च देखाई सरकारी रकम हानि नोक्सानी एवं हिनामिना गरेको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य भएको पुष्टि हुन आएको हुँदा निज आरोपित दोर्णप्रसाद पौडेललाई बिगो रु.५,९३,२००।- (पाँच लाख त्रियानव्वे हजार दुई सय ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको उक्त बिगो रकम निज दोर्णप्रसाद पौडेलबाट असुल उपर हुन मागदावी रहेको।<br>त्यसैगरी साविक लहँ गा.वि.स.मा तत्कालीन समयमा सचिव पदमा कार्यरत दिपक सुनारले २०६७।६८, २०६८। ६९, २०६९।७० र २०७०।७१ मा सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गर्दा झुठा कागज तयार गरी जम्मा रु. ४,४०,४००।- (चार लाख चालिस हजार चार सय) रकम सम्बन्धित व्यक्तिहरुलाई नबुझाई अनियमित तवरले खर्च देखाई सरकारी रकम हानिनोक्सानी एवं हिनामिना गरेको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य भएको स-प्रमण पुष्टि हुन आएको हुँदा निज आरोपित दिपक सुनारलाई बिगो रु. ४,४०,४००।- (चार लाख चालिस हजार चार सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ कोदफा १७ बमोजिमको उक्त बिगो रकम दिपक सुनारबाट असुल उपर हुने मागदावी।<br>•**अदालतको फैसला** | फैसलाः<br>प्रतिवादीहरुलाई आंशिक सफाई।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>•लाभग्राहीले रकम पाएनौ भन्ने उजुरी पनि नरहेको, वादी पक्षले रकम वितरण भएको भनी निजका हकवालाहरुलाई उपस्थित गराई आरोप दावी पुष्टि गर्न नसकेको।<br>•रेखा थापा लँह -४ को मृत्यु भएको भएपनि मृत्यु दर्ता नगरेको भन्ने उल्लेख गरेको।<br>•सेतुदेवी रावल लँह -४, २०६८ साल फागुनमा बसाई सरी गएको।<br>•बसाइ सराइ गरी लाभग्राहीबाट लगत कट्टा नगरे सम्म जीवित व्यक्तिले रकम पाउने नै देखिएको।<br>•प्रतिवादी दीपक सुनारले रत्न बहादुर खत्रीका बाबु कमारो खत्रीको मृत्यु मिति २०६७/९/१५ मा मृत्यु भएता पनि मृत्यु दर्ता मिति २०७३/३/५ मा गराएको, मिति २०७०/०७१ देखिनै हामी कसैले बुझेको छैनौ भनी बकपत्र गरेकाले मिति २०७०/०७१ मा बुझाएकाको रकम रु. ९०००।- सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको देखियो।<br>•आर्थिक वर्ष २०६६/०६७ र २०६७/०६८ मा विपन्न दलित बालबालिकालाई भत्ता वितरण गरिएका बालबालिका यस वडामा छैन भनी सिफारिस समेत नभएको काल्पनिक विपन्न दलित बाल बालिकाहरुको नाममा भत्ता वितरण गरेको भन्ने दावी समेत नरहेको।<br>•एउटै वडामा एउटै नाम भएका एक भन्दा बढी व्यक्ति रहन सक्ने तथ्यलाई अनदेखा गर्न नमिल्ने। | •वादीका साक्षीको रुपमा लाभग्राही नै हुनु नै पर्ने वाध्यता रहेको छैन। प्रतिवादीले रकम वितरण गरेको भनी नक्कली विल भरपाई पेश गरेका छन् वा छैनन्। लाभग्राहीका आफन्तले उजुर गर्ने नगर्ने भन्ने विषय त्यसका लागि लाभग्राही वा लाभग्राहीको आफन्तले सो कुराको जानकारी नपाएर पनि उजुरी दिन नसक्ने अवस्था हुन्छ। प्रतिवादीलाई कसुर स्थापित हुन लाभग्राहीले नै उजुरी गर्नुपर्ने वाध्यता रहदैन।भ्रष्टाचार भएको विषयमा जो सुकै जानकारी प्राप्त ब्यक्तिले उजुरी दिन सक्ने कानूनी ब्यवस्था रहेको।अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १३ मा भ्रष्टाचार सम्बन्धी उजुरीको कानूनी ब्यवस्था रहेको।जसमा भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा यस ऐनबमोजिमको अनुसन्धान र तहकिकात गर्न सक्ने अधिकार आयोगलाई रहिरहेकोमा अन्य फौजदारी मुद्दामा जस्तो पीडित निश्चत भई पीडितले बकपत्र गरेमा मात्र कसुर कायम हुने प्रकृतिको कसुर यो होइन।सार्वजनिक पदाधिकारीले कुनै काल्पनिक व्यक्ति वा वास्तविक नाम र ठेगाना भएकै व्यक्ति जो कानुनतःसेवाग्राही होइनन तीनको नाममा रकम हिनामिना गरिन्छ भने आर्थिक हिनामिनाका कारणबाट सेवाग्राहीका रुपमा नाम उल्लेख भएको ब्यक्ति मात्र प्रभावित नभएर सम्पूर्ण नागरिक प्रभावित र पीडित हुनपुग्दछन्।यसर्थ लाभग्राहीले उजुरी दिएर बकपत्र गरेमा मात्र कसुर कायम हुने भनी गरेको फैसला त्रुटीपूर्ण रहेको।<br>•रेखा थापा लँह -४ को मृत्यु भएको भएतापनि दर्ता नगरेको भन्ने आधार लिई प्रतिवादी दोर्ण प्रसाद पौडेललाई सफाई दिएको फैसला त्रुटीपूर्ण रहेको। प्रतिवादीले मृत्यु भएका व्यक्तिका आफन्तहरुले मृत्यु दर्ता नगरेता पनि मृत्यु भएको ब्यक्तिको नामको उक्त रकम बुझ्न यो व्यक्ति आएको थियो। निजले नै मृतकको नाम भएको व्यक्तिलाई बुझाउने गरी हस्ते गरी बुझी लिएको थियो भनी प्रतिवादीले कुनै जिकिर समेत लिएको अवस्था समेत छैन। प्रतिवादी दोर्ण प्रसाद पौडेलले आफू इन्कारी रही वयान गरेता पनि इन्कारी वयान आफैंमा प्रमाण हुदैन। प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रतिवादीले प्रमाण पुऱ्याउनु पर्ने प्रमाणको भार प्रतिबादीमा नै रहने व्यवस्था गरिएको छ। प्रतिवादी सजायबाट छुट पाउनको लागि कतिपय लाभग्राहीका आफन्तले मृत्यु भएपछि पनि मृत्यु दर्ता नगराएकोले भुक्तानी भएको भन्ने फैसला त्रुटीपूर्ण रहेको छ।यस सम्बन्धमा पुनरावेदक भगवती नेपाली विरूद्ध नेपाल सरकार भएको मुद्दामा सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिबादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिवादीहरु द्रोणप्रसाद पौडेल र दिपक सुरनारले मौका र अदालतमा वयान गर्दा सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथ्यमा सावित नै देखिन्छन। मृत्यु भएर पनि मृत्यु दर्ता नगर्ने चलन व्यापक भएकाले मुत्यु भएका व्यक्तिहरुको लगत व्यवस्थित थिएन। दोहोरो भत्ता वुझाएको जस्तो लाग्दैन। जानीजानी नियतवस गरेको छैन। भुलवस भएको हुन सक्छ भनी भनेको पाइन्छ। रकम पाउनु पर्नेलाई नदिने र नपाउनु पर्नेलाई दिएको छैन। दोहोरो भत्ता वितरण गरेको पनि छैन भनी कसुरमा इन्कार रहेको। प्रतिवादीहरुले लाभग्राहीको दस्तखत ल्याप्चे आफै लगाई निजहरुको रकम आफैले लिई खाएको भन्ने आरोपदावी समेत छैन। पाउनु पर्ने लाभग्राहीले रकम पाएनौ भन्ने उजुरी रहेको पनि देखिदैन भने वादी पक्षले रकम वितरण भएको भनी निजका हकवालाहरुलाई अदालतमा उपस्थित गराइ आरोपदावी पुष्टि गर्न नसकेको।<br>वादीले मृत्यु भएका भनिएका व्यक्ति कर्णबहादुर खत्री अदालतमा आइ बैंकपत्र गरेवाट निजले वुझेको रकम अनियमित भएको भन्न मिलेन। त्यसैगरी गा.वि.स.का कर्मचारी गणेश खत्रीले वकपत्र गर्दा हालसम्म जीवित हुनुसक्छ, मेरो माइला वाजे हो भनी वेहोरा लेखाएको। नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयले मिति २०८०/४/४ मा यस अदालतलाई पठाएको पत्रमा रतिदेवी खड्का, दलबहादुर साही, दानीदेवी वली, सार्की कामी, वैशाखी चनारा, तिषा वादी, नभकुमारी सिंहको साविकको वडा नं. र हालको वडा नं. फरक रहेको भनी प्रमाण कागज सिफारिस पत्रसाथ जानकारी पठाएको देखिएको। निजहरु साविकको वतनमा नभइ हालको वतनमा रहेको भन्ने देखिन्छ। आरोपपत्रमा मृत्यु भनी भनिएका कर्णबहादुर खत्री लहँ - ४ सुशिला रावल - ४ जिवितै रहेको र सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वुझी आएको भन्ने सोही नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/५/२२ को पत्र रहेको देखिन्छ। त्यस्तै रेखा थापा लहँ - ४ को मृत्य भएको भए तापनि मृत्यु दर्ता नगरेको भन्न उल्लेख गरेको र सेतुदेवी रावल लहँ - ४ २०६८ साल फाल्गुनमा कोहलपुर न.पा. वडा नं. २ मा वसाइसराइ सरेको र कोइली सड़का लहँ-८ को मिति २०७९/६/१२ मा मृत्यु भएको भनी उल्लेख गरेको | •आ.व. २०६९/०७० मा विपन्न दलित वालिकाहरुको २ जना सम्मको भत्ता रकम पाउनेमा लँह -७ का जयबहादुर कामी र लँह -९ का सूर्य बहादुर बि.क. लगायतका एउटै परिवारमा तीन जना बालबालिका समेतले भत्ता वापत पाएको रु. ६०००/- अनियमित खर्च देखाएको भनेतापनि उक्त रकम प्राप्त गर्ने बालबालिकाको अभिभावकलाई बकपत्र गराएको नदेखिएको।<br>•आ.व. २०७०/०७१ मा दोहोरो तेहेरो भुक्तानी भएको देखिए तापनि निजहरुले कानून वमोजिम मात्र रकम प्राप्त गरेको र दोहोरो तेहेरो भत्ता प्राप्त गरेको भनिएता पनि भत्ता प्राप्त गर्नेलाई साक्षीको रुपमा उपस्थित नगराएको। | भएको र प्रस्तुत मुद्दामा पनि आफ्नो प्रमाणपत्र सक्कली भएकोले सजायबाट रिहाई पाऊँ भने पनि सो कुराको प्रमाण पुर्‍याउन सकेको नेदेखिएले केवल अदालतमा गरेको इन्कारीलाई नै मान्यता दिन नसक्ने भनी सर्वोच्च अदालत बुलेटिन वर्ष १८ अंक ३, जेठ२०६६ पूर्णाङ्क ४०६ पृष्ठ १२ मा सिद्धान्त समेत प्रतिपादन भई सकेको सन्दर्भमा प्रतिबादीको इन्कारी बयानको आधारमा मात्र सफाइ दिएको विशेष अदालतको फैसला सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्त समेतको प्रतिकूल रहेको।<br>•सेतुदेवी रावल लँह-४ बाट २०६८ सालमा बसाइ सराइ गरी गएकोले निजले बुझेको रकमलाई हिनामिना गरेको भन्ने नमिल्ने भन्ने निर्णयाधार हेर्दा सेतुदेवी रावल २०६८ सालमा नै बसाइ सराई गरी अन्यत्र गएपछि सो गा.वि.स.बाट भत्ता पाउने सेवाग्राहीको सूचीबाट निजको नाम हट्नुपर्नेमा निजको नामको भत्ता आफैंले लिने खाने मनसायले बसाई सराइ गरी गएको ब्यक्तिको नाम समेत लाभग्राहीको सूचिमा कायम नै राखेको देखिएको छ।निजले पाएको भत्तालाई उपयुक्त भनी गरिएको फैसला त्रुटीपूर्ण रहेको।<br>•बसाइ सरी गएका लाभग्राहीले लगत कट्टा नगरे सम्म लाभग्राही भत्ता पाउनु स्वभाविकै देखिएको भन्ने निर्णयाधार लिई प्रतिवादी दोर्णप्रसाद पौडेललाई सफाइ दिएको फैसला त्रुटीपूर्ण छ। बसाई सरेर गएको अभिलेख विवरण गा.वि.स. कार्यालयमा हुने, बसाई सरी जानेको कार्यालयले अभिलेख सच्याउने दायित्व जिम्मेवारी गा.वि.स. कार्यालयमा रहनेमा सो वमोजिम अभिलेख नसच्याई पहिला देखि भुक्तानी लिएका व्यक्ति भनी देखाउनका लागि झुट्टा लाभग्राही देखाई भुक्तानी दिएको कागज सृजना गरी आफुले गैर कानूनी लाभ प्राप्त गरिरहेको अवस्थामा प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको छ।प्रतिबादी मध्येका दोर्णप्रसाद पौडेल आ.व.२०६८।६९ मा लँह गा.वि.स.मा कार्यारत रहेको सो अवधिमा भुक्तानी दिएको विवरण हेर्दा जेष्ठ नागरिकको भत्ता बुझेको भरपाइको माघ देखि बैशाखसम्मको विवरणमा कमारो खत्रीको छोरा रत्नबहादुर खत्रीले बुझेको भनी हस्ताक्षर गरेको देखिन्छ भने सोही विवरणमा जयकला खत्रीको भत्ता बुझ्दा ल्याप्चे लगाएको देखिन्छ। एउटै व्यक्तिले बाबु आमाको नामको भत्ता बुझ्दा एउटाको नाममा हस्ताक्षर र अर्को नाममा ल्याप्चे लगाउने अवस्था हुँदैन।त्यस्तै अर्को भरपाइ विवरण हेर्दा आ.व.०६८/०६९को माघ महिना देखि बैशाख सम्मको विवरण हेर्दा रतिदेवी खड्काको परिचय पत्र नं १४ को नाममा २ पटक भुक्तानी दिएको देखिएको छ।यस प्रकारको प्रमाण विद्यमान हुँदा हुँदै प्रतिबादीलाई सफाइ दिएको फैसला त्रुटीपूर्ण भई बदर भागी छ।प्रतिबादी दीपक सुनारको हकमा सबै लाभ ग्राही बकपत्र गर्न नआएको अर्थ गरी आंशिक बिगोमात्र कायम गरी सजाय भएको हद सम्म फैसला त्रुटीपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिन्छ। वसाइ सराइ गरी लाभग्राहीबाट लगत कट्टा नगरेसम्म जीवित व्यक्तिले रकम पाउने नै देखियो। कोइली खड्काको मिति २०७९/६/१२ मा मृत्यु भए तापनि निजको मृत्यु दर्ता २०७९/१२/२३ मा मात्र गराएको देखिंदा आ.व. २०७०/०७१ सम्म भत्ता रकम वुझ्नुलाई अन्यथा भन्न मिल्ने देखिएन। प्रतिवादी द्रोर्णप्रसाद पौडेलले आ.व.०६६/०६७, २०६७/०६८ र ०६८/०६९ मा सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्दा झुट्टा कागज तयार गरी जम्मा रु.५,९३,२००।- (अक्षरुपी पाँच लाख त्रियानब्बे हजार दुइसय रुपैया) रकम सम्बन्धित व्यक्तिहरुलाई नवुझाइ अनियमित तरिकाले खर्च देखाइ सरकारी रकम हिनामिना गरेको भन्ने पुष्टि गर्न सकेको नदेखिंदा केवल अभियोग मागदावीका आधारमा मात्र भ्रष्टाचार जस्तो गंभीर फौजदारी कसूरमा कसूरदार ठहर्‍याउन न्यायोचित नदेखिएको।<br>अर्का प्रतिवादी दिपक सुनारको कार्यकाल २०६८/१० / २७ देखि २०७१/३/३१ सम्म रहेको, निजको कार्यकालमा लक्ष्मी घर्तीलाई आ.व. २०६९/२०७० मा रु.५०००।- र आ.व. २०७०/०७१ मा रु.२०००।- एकल महिला भत्ता रकम वितरण गरेको भरपाइबाट देखिएकोमा निज लक्ष्मी घर्तीले रकम लिएकी छैन भनी मौकामा कागज गरेकी र वादीले साक्षी राखेको र अदालतमा आइ सोही मौकाको कागज पुष्टि हुने गरी बकपत्र गरी दिएकीले निज प्रतिवादी दिपक सुनारले उक्त रकम अनियमित तरिकाले खर्च गरेको देखिन आयो। त्यसै गरी रत्नबहादुर खत्रीको बुवा कमारो खत्रीको मृत्यु २०६७ /९/१५ मा मृत्यु भए तापनि मृत्यु दर्ता २०७०/३/५ मा गराएको देखिंद्रा मृत्यु पश्चात आ.व. २०७०/०७१ मा कमारो खत्रीका नाउँमा वितरण भएको रकम हामीले बुझेका छैनौ भन्ने वादीका साक्षी रत्नबहादुर खत्रीको बकपत्र हुँदा आ.व. २०७०/०७१ मा वुझाएको रकम रु.२०००।- पनि अनियमित तरिकाले खर्च लेखेको। लहैं गाविसका प्राविधिक सहायक कर्मचारी गणेश खत्रीले मौका र अदालतमा रकम वितरण गर्न मलाई लगाउथें भन्दै मौकामा बयान कागज गर्दा गणेश खत्रीले प्रतिवादी दिपक सुनारलाई पोल बयान गरेको। प्रतिवेदक प्रेमप्रसाद घिमिरेले समेत प्रतिवेदन वेहोरा पुष्टि हुने | | •भत्ता पाउने दलित बालबालिका यस वडामा छैनन् भनी सिफारीस नभएको र काल्पनिक विपनन् दलित बालबालिकाहरुको नाममा भत्ता वितरण गरिएको दावी नभएको भन्ने निर्णयाधार हेर्दा आर्थिक वर्ष २०६६/०६७ र २०६७/०६८ सालमा क्रमशः रु. १,९०,८०० र रु. २,५४,००० वितरण भएको तथ्यलाई प्रतिवादीले स्वीकार गरेका। अघिल्लो आर्थिक वर्ष र पछिल्लो आर्थिक वर्षमा भन्दा कुन कुन थप बालबालिका लागि भत्ता वितरण गरिएको हो एकिन विवरण राख्ने दायित्व गा.वि.स.का कर्मचारीमा रहनेमा विवाद छैन। यस वडामा यी नाम गरिएका बालिका छैनन् भनी सिफारिस गरिएको छैन् भन्ने निर्णयाधार त्रुटीपूर्ण रहेको। कुनै बालबालिकाको अस्तित्व भएको भए सो भएको विवरण सहित सिफारिस गर्न मिल्ने हो। अघिल्लो आर्थिक वर्षको विवरण र पछिल्लो आर्थिक वर्षको दलित विपन्न वर्गको बालबालिकाको विवरण मिल्नु पर्दैन भन्ने अर्थ गरी सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको। साथै वास्तविक विपन्न वर्गका व्यक्तिले रकम नपाएको भनी वादी पक्षले साक्षीको रुपमा उपस्थित नगराएको भनी उल्लेख गरेको समेत फैसलाको प्रकरणको ४४ मा उल्लेख भएबाट वास्तविक बालबालिका रकम पाएको भनी बकपत्र गरेको भएमा काल्पनिक दलित बालबालिकाका नाममा भत्ता वितरण भए पनि फरक नपर्ने आसय निस्कने गरी फैसला भएको।<br>•एउटै वडामा एक भन्दा बढी व्यक्ति हुन सक्ने भएकाले एक भन्दा बढी व्यक्तिको नाममा भुक्तानी भएकोलाई स्वभाविकै ठहऱ्याएको फैसला त्रुटीपूर्ण रहेको। एउटै वडामा एउटै नाम भएका व्यक्तिहरु भए पनि ती व्यक्तिको पहिचान गर्ने आधार लाभग्राहीको परिचय पत्र नम्बर रहेको। प्रतिवादीहरुले कतिपय ठाउँमा परिचय पत्र नम्बर समेत उल्लेख नगरी भुक्तानी दिएको। प्रतिवादी उपर लिएको कसुर दावी हेर्दा प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को वमोजिमको कसुरमा दफा ३ को उपदफा (घ) र (ङ) वमोजिम दावी लिइएको अवस्था रहेको। प्रतिवादी दोर्णप्रसादले पौडेलको कार्य कालमा वितरण गरिएको भत्ता वितरणको भरपाइमा परिचयपत्र नम्बर समेत उल्लेख नगरी वितरण गरेको र प्रतिवादीको वयानबाट समेत अभिलेख चुस्त दुरुस्त नराखिएको तथ्यलाई स्वीकार गरिएबाट मृत्यु भएका व्यक्ति समेतलाई भुक्तानी भएको हुन सक्ने उल्लेख गरेको। प्रतिवादीहरु उपर लिएको दावी हेर्दा सार्वजनिक सम्पत्तीको हानिनोक्सानी गर्नेलाई सजायको व्यवस्था गरी कुनै राष्ट्र सेवकले आफ्नो आदेश वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा वदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ वमोजिम सजाय हुनेछ। यसरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेमा वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी अदालतमा आइ बकपत्र गरेको। अन्य हानिनोक्सानी भएको रकमका हकमा वादी पक्षले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिंदा दिपक सुनारले जम्मा रु. ९,०००।- सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरेको आएको।<br>अतः सुरक्षा भत्ता रकम वितरण भरपाई छानविन प्रतिवेदन एवम् बकपत्र, प्रतिवादीहरुको बयान, सामाजिक सुरक्षा भत्ता वितरण भरपाईबाट लाभग्राही देखिएका तर भत्ता रकम नबुझेको भन्ने लक्ष्मी घर्तीको मौकाको कागज र सोही अनुरुपको बकपत्र भएको, कमारो खत्रीको २०७०/०३/५ मा मृत्युदर्ता प्रमाणपत्र बनाएपछि पनि आ.व. २०७०/७१ मा निज कमारो खत्रीमा नाउँमा भत्ता वितरण गरेको देखिएको समेतका आधारमा प्रतिवादी दिपक सुनारले जम्मा विगो रु.९०००/- सामाजिक सुरक्षा भत्ताको रकम वदनियतपूर्वक झुटा कागज तयार पारी अनियमित तरिकाले खर्च देखाई सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको ठहर्छ। सो ठहर्नाले सोही दफा १७ र दफा ३(१)(क) बमोजिम १० (दस) दिन कैद र विगो रु. ९,०००।– बमोजिम जरिवाना भइ दफा १७ बमोजिम हानि नोक्सानीको विगो रु.९,०००/- निज प्रतिवादी दिपक सुनारबाट असुल उपर हुने ठहर्छ। निज उपरको अन्य आरोपदावी पुग्न नसक्ने। अर्का प्रतिवादी दोर्णप्रसाद पौडेल उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले प्रतिवादी दोर्णप्रसाद पौडेलले सफाई पाउने। | | मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ भनी उल्लेख भएबाट प्रतिवादीले राम्रो अभिलेख नराखी भत्ता वितरण गरेपछी प्रतिवादीहरुले गरेको कार्य लापरवाही पूर्ण तरिकाले गरिएको देखिंदा देखिदै सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको।<br>•दोहोरो तेहेरो भुक्तानी भएको हुन सक्छ भनी स्वीकार गरेकाले प्रतिवादीले तेहेरो भुक्तानी गरेको वा दोहोरो भुक्तानी दिएको र सो वमोजिम वास्तविक लाभग्राहीले प्राप्त गरेकै भए पनि उक्त कार्य जिम्मेवारी पूर्वक सरकारी स्रेस्ता तथा अभिलेख नराखी लापरवाही पूर्ण तरिकाले भुक्तानी दिएको। सार्वजनिक कोषबाट खर्च भई रकम भुक्तानी भएको अवस्थामा एउटै नाम र परिचय पत्र प्राप्त गरेको व्यक्तिलाई दोहोरो तेहेरो भुक्तानी हुन्छ वा परिचयपत्र नराखी भुक्तानी दिइन्छ भने प्रतिवादीहरुले भुक्तानी दिएको रकम लाभग्राहीले प्राप्त गरेको रहेछ भने पनि कसुर नहुने होइन। एउटै व्यक्तिको नाममा भुक्तानी भएको देखाउँछ भने उक्त कुरा दिन हुने भनि दावि गर्न मिल्ने होइन। प्रतिवादीहरुले दोहोरो तेहेरो भत्ता लाभग्राहीले नै प्राप्त गरेको छ भने दावी लिन्छ भने दावी लिने व्यक्तिले नै उक्त कुराको प्रमाणित गर्नु पर्ने प्रमाणको भार सर्ने हाम्रो प्रमाण कानूनको सिद्धान्त र मान्यता भएको र सो विपरित प्रमाण पेश गर्न नसक्ने प्रतिवादीलाई सफाई दिएको फैसला प्रमाण कानूनको मर्म र भावना विपरितसमेत रहेको। |